# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## छार्का ताङसोङ गाउँपालिका

डोल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## छार्का ताङसोङ गाउँपालिका

डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## छार्का ताङसोङ गाउँपालिका

डोल्पा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १०४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
छार्का ताङसोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियत सहितको राय**

हामीले छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.६१ लाख ५ हजार बेरुजू देखिएको छ । सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध भई रु.१ लाख १८ हजार हटाई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.९ लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.११ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु.३९ लाख २७ हजार र पेश्की रू.शुन्य रहेको छ । पालिकाको गतवर्ष सम्म रु.४ करोड ९७ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.४ करोड ७३ लाख ३२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )
नायब महालेखापरीक्षक

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४८ | ३१ | ६१०५ | ० | १ | ११८ | ४८ | ३० | ५९८७ | ९२२ | ३९२७ | ११३८ | ० | ० | ५०६५ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४९ | करार सम्झौता प्रमाण पेश गर्नुपर्ने | ११८ |
| | | **जम्मा** | **११८** |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| छार्का ताङसोङ गाउँपालिका डोल्पा | ४९७२४ | ० | ८३७९ | ४१३४५ | ० | ५९८७ | ४७३३२ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : छार्का ताङसोङ गाउँपालिका, डोल्पा , छार्का ताङसोङ गाउँपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Amar raj Sejuwal | २०७८-१२-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रामकृष्ण वुढा | २०७६-१२-११ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५,९८७,२२२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४,६५,९१,१०३.८५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १४,२४,०६,६००.२ | **चालु खर्च** | १२,४६,२९,५३७.३७ |
| **प्रदेश सरकारबाट अनुदान** | ८३,५५,८३९ | **पूँजीगत खर्च** | ७,७२,४७,१२४ |
| **राजश्व बाँडफाँट** | ३,४०,७९,७०५.९६ | **वित्तीय/अन्य व्यवस्था** | १,५३,६३,६९०.८६ |
| **आन्तरिक आय** | ११,७५,४७८ | | |
| **अन्य आय** | १,८१,०६,४९९.५ | | |
| **कुल आय** | २०,४१,२४,१२२.६६ | **कुल खर्च** | २१,७२,४०,३५२.२३ |
| **बाँकी मौज्दात** | | ३,३४,७४,८७४.२८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिका अन्तर्गत ६ वडा, २७ सभा सदस्य, ३४५ वर्गकिलोमिटर क्षेत्रफल तथा १७४३ जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरिक्षणको क्रममा असुली :<br><br>ले प क्रममा असुली वेरुजु रु अग्रिम कर वापच रु १५२६० र सामाजिक सुरक्षा कर वापत रु ८०२२ असुली भएको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>स्थानीय संचित कोषः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।<br><br>
<table>
<tr><td rowspan="2">सि.नं</td><td colspan="3">आयतर्फ</td><td>सि.नं</td><td colspan="3">व्ययतर्फ</td></tr>
<tr><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>४६५९११०३.८५</td><td>१</td><td>चालु खर्च</td><td>१२४६२९५३७.३७</td><td>२४६२९५३७.३७</td><td></td></tr>
<tr><td></td><td>क) धरौटि मौज्दात</td><td>२३९७५२३.८६</td><td></td><td>२</td><td>पूँजीगत खर्च</td><td>७७२४७१२४.००</td><td>७७२४७१२४.००</td><td></td></tr>
<tr><td></td><td>ख) बैंक</td><td>४४१९३५७९.९९</td><td></td><td>३</td><td>विषयगत नियकायवाट प्राप्त</td><td></td><td>१५१०९७२७.००</td><td></td></tr>
<tr><td>२</td><td>राजस्व ( आन्तरिक आय)</td><td></td><td>३५६१६१८४.४६</td><td></td><td>क) मुख्य मन्त्री रोजगार</td><td>५४५८५२३</td><td></td><td></td></tr>
<tr><td></td><td>क) आन्तरिक राजस्व</td><td>११७५४७८.००</td><td></td><td></td><td>ख) सामाजिक सुरक्षा</td><td>९६५१२०४</td><td></td><td></td></tr>
<tr><td></td><td>ख) राजस्व बाँडफाँड</td><td>३४०७९७०५.९६</td><td></td><td></td><td>ग) अन्य भुक्तानी</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>ग) अन्य आय</td><td>३६१०००.५</td><td></td><td>४</td><td>लगानी</td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>वितिय</td><td></td><td>१४२४०६६००.२०</td><td></td><td>ऋण लगानी</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हस्तान्तरण संघ | | | | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६९९०००००.०० | | | शेयर लगानी | | | |
| | ख) सशर्त अनुदान | ४८३७४०३५.२० | | | अन्य लगानी | | | |
| | ग) समपूरक अनुदान | १११७४७२८.०० | | ५ | धरौटी फिर्ता | १०७०२०.८६ | १०७०२०.८६ | |
| | घ) विशेष अनुदान | १२९५७८३७.०० | | ६ | जनश्रमदान फिर्ता | | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ८३५५८३९.०० | ७ | कोष फिर्ता | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ३०१२०००.०० | | ८ | मौज्दात | | | |
| | ख) सशर्त अनुदान | ३६६०००.०० | | | क) बैंक मौज्दात | २७७३४७६३.७८ | २७७३४७६३.७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ग) समपुरक अनुदान | १५०८३११.०० | | | ख) नगद मौज्दात | | | |
| | घ) विशेष अनुदान | ३४६९५२८.०० | | ९ | शसर्त अनुदान फिर्ता | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत बर्षको बढी अल्या | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | १५१०९७२७.०० | ११ | जनश्रमदान मौज्दात | | | |
| | क) मख्यमन्त्रि रोगजार | ५४५८५२३.०० | | १२ | धरौट मौज्दात | ४७७९३३२.०० | ४७७९३३२.०० | |
| | ख) सामाजिक सुरक्षा | ९६५१२०४.०० | | १३ | विविध खाताको मौज्दात | ३६१०००.५ | ३६१०००.५ | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १४ | आन्तरिक कोष | ५९९७७८.०० | ५९९७७८.०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>अन्य</td><td></td><td></td><td>१५</td><td>अन्य विविध आय</td><td>१४६९४३.००</td><td>१४६९४३.००</td><td></td></tr>
<tr><td>८</td><td>जनसहभागिता (नगद)</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>धरौटी आय</td><td>२४८८८२९.००</td><td>२४८८८२९.००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>लगानीको साँवा फिर्ता</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>अन्य विविध आय</td><td>१४६९४३.००</td><td>१४६९४३.००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२५०७१५२२६.51</td><td></td><td>जम्मा</td><td></td><td>२५०७१५२२६.51</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको –<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ४६५९०८७७।८५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ४६५९११०३।८५ जिम्मेवारी सारेको देखियो । यस सम्बन्धमा यकिन गर्दा गत वर्षको भन्दा रु २२६ वढी जिम्मेवारी सारेको रकम पालिकाले यकिन गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

**बैक हिसाव मिलान विवरण** –

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी</th></tr>
<tr><td></td><td>सञ्चित कोष</td><td>२७७२३७६३.७८</td><td>२७७३४७६३.७८</td></tr>
<tr><td></td><td>चालु खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>पूँजीगत खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>मर्मत खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>कल्याण कोष खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>प्रकोप व्य कोष खाता</td><td>१४६९४३.००</td><td>१४६९४३.००</td></tr>
</table>

श्रेस्ता र बैक अनुसार फरक रकम रु ११०००।०० कर दाखिला गर्न बाकी रकम पालिकाले दाखिला गर्नपर्ने रु
</td><td>११,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छैन ,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री छिरिङ्ग दिहिक गुरुङ्ग ले मिति २०७८।०३।१० गते रु २६ करोड ८१ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसार समयमै बजेट पेश तथा पारित भएपनि खर्च गर्ने अख्तियारी ढिला दिएको देखिएकोले समयमै अख्तियारी दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | **बजेट सीमा निर्धारण समिति :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १० | | | **चौमासिक पूँजीगत खर्चः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सो अनुसार त्रैमासिक खर्चको विवरण तयार नगरी चौमासिक खर्चको विवरण पेश गरेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>\| बजेट \| कुल खर्च \| चौमासिक खर्च \| | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>उपशिर्षक</td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>७७२४६१२४</td><td>११९२७४६१</td><td>१६७६९४६६</td><td>४८५४९१९७</td><td>३९३५४१९७</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>१५.४४</td><td>२१.७०</td><td>६२.८५</td><td>५०.९४</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. ७७२४६१२४ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ११९२७४६१ अर्थात १५.४४ प्रतिशत, दोश्रो चौमासिकमा रु. १६७६९४६६ अर्थात २१.७० प्रतिशत र तेश्रो चौमासिकमा रु. ४८५४९१९७, अर्थात ६२.८५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ३९३५४१९७ अर्थात ५०.९४ प्रतिशत खर्च देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>गत बर्षको दायित्व -<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १३३०७१५०/- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो ।तर गत विगत वर्षको जिम्मेवारी रु ४६५९०८७७।८५ सारेवाट वजेट नपुग भएको देखिएन । सम्झौता बमोजिम समयमा काम नभएको यो योजनाको लागि यस प्रकारको व्यवस्था गरेको होइन भनी आश्वस्त हुन सकिएन ।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |
| १२ | | | **सूचना प्रविधी पद्दतिः**<br><br>सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा निम्नानुसार देखिएकोः<br><br>:- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको<br><br>:- सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br><br>:- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |
| १३ | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विश्वसनीय आधार नदेखिएको,<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १४ | | | **मर्मत अभिलेख खाता :**<br><br>सवारी साधन मर्मत गरेपछि फेरिएका सामान सहितको कूल खर्च देखिने गरी तोकिएको म ले प फाराम अनुसारको गत विगतदेखिको मर्मत खर्च देखिने गरी सवारी साधन मर्मत खाता अद्यावधिक गरी आन्तरिक नियन्त्रण चुस्त दुरुस्त हुनु पर्ने देखियो । | |
| १५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **कानून र सञ्चालन स्थिति** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ ऐन, ४ नियमावली २४ कार्यविधि लगायत ४० कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४० कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ । | |
| १७ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १८ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ४ मात्र पदपूर्ति भएको पाइयो। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचारी दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १८ | | | **कर्मचारी करारः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न २५ जना कर्मचारीहरु करारमा राखि रु. ४८२३७७९ खर्च लेखेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति हुने कार्य हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>खाना तथा विविध खर्च –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १० लाख खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>अनुदान फिर्ता –<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान रकम सबै खर्च भएकोले फिर्ता गर्नुपर्ने देखिएको छेन ।<br><br>
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>८८७९५२७</td><td>८८७९५२७</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>१२९५७८३७</td><td>१२९५७८३७</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>समपुरक</td><td>१११७४७२८</td><td>१११७४७२८</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>३४६९५२८</td><td>३४६९५२८</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>१५०८३११</td><td>१५०८३११</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामन्जस्यता गर्नुपर्नेमा गरेको छैन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **गुणस्तर परीक्षण -**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| २३ | | | **सवारीसाधन खरिद** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष १ थान दुई पांग्रे सवारि साधन कन्टिनजेन्सीबाट खरिद गरी रु ४७४९०० खर्च गरेको छ । | |
| २४ | | | **वडा सचिवः**<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: ६ ; वडा सचिवको दरबन्दी: ६ ; वडा सचिवको पदपूर्ति: ० ; रिक्त संख्या: ६ | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ६ | ६ | ० | ६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br><br>नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. ४६६६२०० पदाधिकारी सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br><br>कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>२५</td><td>०</td><td>०</td><td>०</td><td>२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br><br>
<table>
<tr><th>विवरण</th><th>निवेदन दर्ता</th><th>सिफारिस भएको संख्या</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td>०</td><td>०</td></tr>
<tr><td>जन्मदर्ता</td><td>५१</td><td>५१</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२</td><td>२</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>३</td><td>३</td></tr>
<tr><td>विवाह दर्ता</td><td>०</td><td>०</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td><td>०</td></tr><tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td><td>०</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td><td>०</td></tr></table>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br><br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ११७५४७८ राजस्व बाँडफाँडबाट रु ३४०७९७०५.९६ र अनुदानबाट रु १५०७६२४३९.२ समेत रु १८६०१७६२३.१६ आम्दानी भएकोमा चालु तर्फ रु. १२४६२९५३७.३७ र पूँजिगत तर्फ रु. ७७२४७१२४. समेत जम्मा रु २०१८७६६६१.३७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ४६६६२०० खर्च भएको छ जुन आन्तरिक आयको ३९६.९६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुमा ६७.४२ र पूँजिगतमा ४१.७९ प्रतिशता खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक,</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १०-50 लाख सम्म</td><td>50 लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>१</td><td>६</td><td>९</td><td>७</td><td>२</td><td>४</td><td>२९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु २ लाख देखि २ करोड ६० लाख हजार सम्मका जम्मा २९ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिको १ योजना मात्र रहेको छ। त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैं भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>सार्वजनिक परीक्षण -<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २६३३७०० | २२५९३५३० | ११.१८ |
| २ | पूर्वाधार विकास | ८०००११०० | ४८५३८४९३ | २४.०२ |
| ३ | सामाजिक विकास | ७५८८६००० | ५३५१८३८७.२० | २६.४८ |
| ४ | सुशसन तथा अन्तर सम्वन्ध क्षेत्र | ६८०४००० | ६६५३३६० | ३.२९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ७९१६५७३७.९९ | ७०७७४१४१.३७ | ३५.०२ |
| जम्मा | | २४४४९०५३७.९९ | २०२०७७९११.५७ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ३५.०२ प्रतिशत र सुशसन तथा अन्तर सम्वन्धमा सबै भन्दा घटीमा ३.२९ प्रतिशत रहेको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख :<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ ।पालिकाले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु ६७४००० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा नराखि रु ६७४००० खर्च गरेको छ ।खर्च मध्ये रु २०४००० ज्याला, २०५००० दैनिक भ्रमण भत्तामा र २६५००० मर्मत खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>डी पी आर खर्च –<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।<br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।<br><br><table><tr><td>कार्य</td><td>परामर्शदाता</td><td>स्वीकृत</td><td>खर्च रकम</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td></td><td>रकम</td><td></td></tr>
<tr><td>प्रशासकिय भवन</td><td>एस एम वी इन्जिनियरिङ्ग</td><td>१००००००</td><td>१०१५०००००</td></tr>
<tr><td>पुङ्गगा खानेपानी</td><td>कृष्तु इन्जिनियरिङ्ग</td><td>१४९९५१०</td><td>१५००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>राजश्व दाखिला :<br><br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ६ वटा वडा पालिकाबाट प्राप्त गरेको रु. ११७५४७८ राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>राजश्व अभिलेख :<br><br>कार्यालयमा राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति रसिद छन एकिन गर्न सकिएन । कार्यालयले सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३६ | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ घरजग्गा बहाल कर वापत अनुमानित रु. ५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु ५ लाख ९९ हजार अर्थात अनुमान भन्दा २० प्रतिशत वढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र राजश्वको अनुमान गर्दा यथार्थता तर्फ ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३७ | | | **करार कर्मचारीलाई भत्ताः**<br><br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करारमा नियुक्ती गरेका कर्मचारीलाई परिपत्रमा उल्लेख नभएको स्थानीय भत्ता भुक्तानी गरेकोले अशुल गर्नुपर्ने रु. | ७३८,२४० |

| सि न | नाम | पद | भत्ता शिर्षक | रकम (मासिक) | जम्मा |
|---|---|---|---|---|---|
| १ | किरण के सी | प्राविधिक | स्थानिय भत्ता र महगी भत्ता | १६०६० | १९२७२० |
| २ | हरि प्रसाद रोकाया | स ई | स्थानिय भत्ता र महगी भत्ता | ११६५० | १३९८०० |
| ३ | तुल बहादुर सार्की | अ सई | स्थानिय भत्ता र महगी भत्ता | १००८० | १२०९६० |
| ४ | हरि शर्मा धराला | का स | स्थानिय भत्ता र महगी भत्ता | ७९१० | ९४९२० |
| ५ | रुद्र बहादुर भण्डारी | का स | स्थानिय भत्ता र महगी भत्ता | ७९१० | ९४९२० |
| ६ | खिमलाल लामीछाने | का स | स्थानिय भत्ता र महगी भत्ता | ७९१० | ९४९२० |
| **जम्मा** | | | | | **७३८२४०।००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **बढी भुक्तानीः** | १४,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी व्यवस्था छ । जसअनुसार गाउँपालिका स्तरिय सीप विकास तालिममा कक्षा सञ्चालन वापत रु १४०० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले महिला शसक्तिकरण कुप्रथा तथा कानुनी सचेतना कार्यक्रम सञ्चालनको लागि कल्पना कुमारी शाहीको पेश्की रु.६०००००।०० फस्यौंट गरेकोमा पालिकाले निम्न प्रशिक्षकहरुलाइ निर्देशिका विपरीत वढी रकम भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु. | |

| क्र. स. | कार्यक्रम | नाम र पद | सेशन | भुक्तानी दिनुपर्ने दर | भुक्तानी दिएको दर | बढि दर रु | बढी भूक्तानी रकम रु | कार्यक्रम सञ्चालन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | महिला शसक्तिकरण कुप्रथा तथा कानुनी सचेतना कार्यक्रम | मोहन प्रसाद वेलवासे | ४ | १४०० | ३००० | १६०० | ६४०० | २०७८।८।७ देखि ८।८ |
| २. | | छिरिङ दिहिक गुरुङ्ग | २ | १४०० | ३००० | १६०० | ३२०० | |
| ३ | | मोहन प्रकास गिरि | ४ | १४०० | २५०० | ११०० | ४४०० | |
| ४ | | कल्पना कुमारी शाही | ४ | १४०० | १५०० | १०० | ४०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१४४००</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत :<br><br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.३२ लाख ९६ हजार खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले शुन्य आम्दानी रहेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।<br><br><table><tr><td>सि न</td><td>मेशिनरी</td><td>संख्या</td><td>मर्मत तथा ईन्धन रकम</td><td>आम्दानी रकम</td></tr><tr><td>१</td><td>डोजर</td><td>१</td><td>३२९६०००|००</td><td>०|००</td></tr><tr><td></td><td>जम्मा</td><td>१</td><td>३२९६०००|००</td><td>०|००</td></tr></table></td><td></td></tr>
<tr><td>४०</td><td>१०८</td><td>२०७८-९-५</td><td>जिन्सी दाखिला प्रमाणः<br><br>आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकालेOneplus 9 (12/256) मोवाईल खरिद वापत रामकृष्ण बुढालाई रु=१०५०००|०० भुक्तानी दिएको छ । GADGETS Kathmandu बाटखरिद भएको मोवाईलको जिन्सी दाखिला गरेको नपाइएकोले सोको जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>१०५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४१ | | | **कर छुट**<br><br>कर्णाली प्रदेशस्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँ प्रमुखको स्वकीय सचिवका रुपमा सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री लातेन गुरुङ्ग लाई नियुक्त गरी रु. २५६५६० भुक्तानी भएको छ ।त्यसै गरी कानूनी सल्लाहकारको रुपमा अधिकृत स्तर सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री डिल्ली प्रसाद न्यौपाने लाई नियुक्त गरी रु. ४५६००० भुक्तानी भएको छ । यसरी नियममा नभएको व्यवस्था विपरित कर्मचारी भर्ना गरेको नियमसम्मत नदेखिएको रु | ७१२,५६० |
| ४२ | | | **कर छुट**<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.५३२४।०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | ५,३२४ |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ११०।०७८।९।१७ | रामकृष्ण बुढालाई विविध खर्च वापत भुक्तानीमा (कर छुट) | १५०००० | १.५% | २२५० |
| १५२।२०७८।११।१३ | रामकृष्ण बुढालाई विविध खर्च वापत भुक्तानीमा (कर छुट) | ९०८०० | १.५% | १३२६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३८।०७८।११।८</td><td>रामकृष्ण बुढालाई विविध खर्च वापत भुक्तानीमा (कर छुट)</td><td>७५०००</td><td>१.५%</td><td>११२५</td></tr>
<tr><td>१७८।०७९।२।१६</td><td>न्यू त्रिपुरा स्टेशनरी एण्ड ईलेक्ट्रीकल्सलाई भुक्तानीमा (कर छुट)</td><td>४१५९५</td><td>१.५%</td><td>६२३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५३२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्चः<br><br>कुनै पनि कार्यक्रममा विनियोजन गरेको रकम उक्त शिर्षकमै खर्च गर्नुपर्ने र यदि रकमान्तर गर्नु पर्ने भएमा सो को सम्पूर्ण प्रक्रिया पुऱ्याएर मात्र खर्च गर्न पाउने व्यवस्था छ । तर गाउँपालिकाले रकमान्तर नगरी सशर्त चालुको ६२।२०७९।३।१६ बाट विद्यालय शौक्षिक गुणस्तर सुढ्ढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको रकम रु १६००००, तोकिएका विद्यार्थीको दिवा खाजा अनुदानको रकम रु ११२२७१ गरी रु २७२२७१ शिक्षकको पारिश्रमिक भुक्तानी गरेकोले शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु</td><td>२७२,२७१</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति -<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७ वटा सामुदायिक विद्यालयहरुमा १६ जना स्थायी दरबवन्दी रहेकोमा १५ जनाको पदपूर्ति भएको छ । पदपूर्ति मध्ये ९ जना करारको माध्यमबाट पदपूर्ति रहेकोमा विद्यार्थीको संख्या २५९ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **(प्रकोप व्यवस्थापन कोष तर्फ) सोझै खरिदः**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २५ लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले १६।२०७९।३।२५ र १०।२०७८।१०।७ मा वर्ल्ड याक ट्राभल एण्ड टुर्स प्रा लि (६०२४९३५०) बाट सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ क्रमशः १९ लाख ३५ हजार र १० लाख गरी २९ लाख ३५ हजारको सोझै खरिद गरेको नियमसम्मत देखिएको छैन । | |
| ४६ | | | **राहत वितरणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले ९।२०७८।८।१४ बाट गाउँपालिकामा २०७८।८।६ मा बसेको वैठकको निर्णय नं ६ बाट औषधि उपचार र आर्थिक सहायता वापत विभिन्न ७ जनालाई रु ३ लाख ५० हजार ५७७ राहत वितरण गरी खर्च लेखेको छ ।यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४७ | | | **;स्वास्थ्य कार्यक्रम तर्फ औषधी खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर सशर्तबाट रु ९ लाख १० हजार, गापा समानिकरणबाट रु ५ लाख गरी रु. १४ लाख १० हजारका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br><br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४८ | | | **लागत सहभागिताः**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४९ | | | **अस्पष्ट करार सम्झौताः**<br><br>पालिकाले किसान सुचिकरण कार्यक्रम अन्तर्गत कार्यक्रम सहजकर्ताको रुपमा रेश्मा शाही र सामाजिक परिचारकको रुपमा अर्जुन शाहीलाई सेवा करारमा भर्ना गर्दा करार सम्झौतामा सम्बन्धीतले पाउने पारिश्रमिक दर उल्लेख नगरी एकमुष्ट तलब भुक्तानी गरेको छ । तपसिलका गो भौ र मितिबाट २७५२०० भुक्तानी गरेकोमा नियमअनुसार लाग्ने सामाजिक सुरक्षा कर रु २७५२ कट्टी नगरेको हुदाँ उक्त कर रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको छ भने करार सम्झौतामा गर्नुपर्ने कार्य र भुक्तानी हुने रकम स्पष्ट उल्लेख नभएकोले | १५७,६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सो खर्चलाई पुष्टि गर्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु<br><br>भौ न । मिति / कर्मचारीको नाम / भुक्तानी रकम / सा सु कर<br>८३।२०७९।३।२३ / रेश्मा शाही / १५७६०० / १५७६<br><br>*प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश पेश भएको* | |
| ५० | | | **दुध मिशन कार्यक्रमः**<br><br>पालिकाले सशर्तको ८७।२०७९।३।२३ बाट दुध मिशन कार्यक्रम वापत तिब्बत बाट विभिन्न ७ व्यक्ति मार्फत भर्पाईको आधारमा ७ वटा चौरी खरिद गरी रु ८०८००० खर्च लेखेको छ । निर्देशिका अनुसार उक्त चौरीहरु पशु चिकित्सकबाट स्वीकृत निरोगिताको प्रमाणपत्र लिनुपर्ने, खरिद गरेका पशुको पशु विमा गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसारकै प्रमाण कागजात्र उलब्ध नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | ८०८,००० |
| ५१ | | | **कृषि कार्यक्रम तर्फः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता अर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भए सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ वजन प्रयोग हुने जग्गा कृषकसँग रहेको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।
<table>
<tr><th>भौ. नं. मिति</th><th>विवरण</th><th>विउ विजनको मूल्य</th></tr>
<tr><td>सशर्तको ८६।२०७९।३।२३</td><td>स्याउ ५००० पिस, ओखर ५००० पिस, आरु ६०० पिस र आरु वखडा ६०० पिस</td><td>१०३००००</td></tr>
<tr><td>८४।२०७९।३।२३</td><td>उवा १८०० के जी , जौँ १६०० के जी र फापर १६०० के जी</td><td>१००००००</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>२०३००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि गर्ने, परिच्छेद-४ को (११) र (५) मा रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनुपर्ने, परिच्छेद-३ (६) मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमा छनोट भएका ३ वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु. ८३६८०० खर्च भएको छ । अनुसूची-३(५) मा सुचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यावस्था छ । तर पालिका अन्तर्गत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | छनोट भएका योजनामा अधिकतम दिन र न्यूनतम दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्तिले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ३ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका ११६ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । सुचिकृत भएका श्रमिकलाई पुरा एक सय दिन बराबरको रोजगार नदिएर सुचिकृत नभएका श्रमिकलाई रोजगार दिइ कार्यक्रम सम्पन्न गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५३ | | | **म्याद थप र पूर्वनिर्धारित क्षतिपूर्तिः**<br><br>**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उप नियम ६ मा सुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न नपाइने व्यहोरा उल्लख छ भने नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्तिको व्यवस्था छ ।** | |
| ५३.१ | | | **ठेक्का नंCTRM/Dolpa/TB-Swap-01/2077-078** बाट पालिन्जा झो पु निर्माण योजनावापत रिजवान इन्जिनियरिङ्गसँग कवोल अंक रु ८१२९९३।७७ को लागतमा मिति२०७७।८।१५ देखि २०७७।११।१९ भित्रमा सम्पन्न गर्ने गरी सम्झौता भएको रहेछ ।निर्माण व्यवसायीले कार्य सम्पन्न भएको जानकारी पत्र मिति २०७८।६।२२ मा तोकिएको म्याद भन्दा १८० दिन पछिमात्र दिएकोले ढिला कार्यसम्पन्न भएको देखिन्छ।ढिला कार्यसम्पन्न भएकोले नियमानुसार १८० दिनको ०.०५प्रतिशत दैनिकका दरले सम्झौता रकमको बढीमा दश प्रतिशतसम्म हर्जना लगाउनु सकिने व्यवस्था बमोजिम रु ८१२९९३।७७ को १८० दिनको रु ७३१६९।४४ पूर्व निर्धारित क्षतिपूर्ति असूल हुनु पर्ने रु | ७३,१७० |
| ५३.२ | | | **ठेक्का नंCTRM/Dolpa/TB-Swap-02/2077-078** बाट कागकोट झो पु स्टिल पार्टस फेब्रिकेशन र रोडहेड सम्म सामान ढुवानी वापत रिजवान इन्जिनियरिङ्गसँग कवोल अंक रु ११७२११२।९९ को लागतमा मिति२०७७।८।१५ देखि २०७७।११।१९ भित्रमा सम्पन्न गर्ने गरी सम्झौता भएको रहेछ ।निर्माण व्यवसायीले कार्य सम्पन्न भएको | १०५,४९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | जानकारी पत्र मिति २०७८।६।२२ मा तोकिएको म्याद भन्दा १८० दिन पछिमात्र दिएकोले ढिला कार्य सम्पन्न भएको देखिन्छ।ढिला कार्य सम्पन्न भएकोले नियमानुसार १८० दिनको ०.०५प्रतिशत दैनिकका दरले सम्झौता रकमको बढीमा दश प्रतिशतसम्म हर्जना लगाउन सकिने व्यवस्था बमोजिम रु ११७२११२।९९को १८० दिनको रु १०५४९०।१७ पूर्व निर्धारित क्षतिपूर्ति असूल हुनु पर्ने रु | |
| ५४ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस आ.ब.मा रु. ७७२४७१२४ पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ५५ | | | **खरिद सम्झौताको अन्त्यः**<br><br>सार्वजानीक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचारको सम्बन्धमा उल्लेख छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२७ मा सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्दा दिनुपर्ने भुक्तानीको बारेमा उल्लेख छ ।ऐनको दफा ५९(७)मा खरिद सम्झौता गर्नेले सम्झौता बमोजिमको काम शुरु नगरेमा काम शुरु गरी विचमै छाडेमा वा सम्झौता वमोजिमको कामको प्रगति नगरेमा | २,९१६,६२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजानीक निकायले त्यस्तो सम्झौता जुनसुकै समयमा अन्त्य गर्न सक्ने उल्लेख छ ।ऐनको दफा ८ मा सम्झौता अन्त्य भएमा सो काम वापत राखेको जमानत जफत गर्ने र बाँकी काम पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह अशुल गरिने उल्लेख छ । नियम २७ (क) मा स्वीकार्य रुपमा सम्पन्न भै सकेको कार्य आपुर्ति वा सेवा वापत भुक्तानी बाँकी भए सो भुक्तानी गर्ने व्यबस्था छ । पालिकाबाट भएको निम्न निर्माण कार्यको सम्झौता भन्दा निकै न्युन परिमाणमा काम भएको अवस्थामा सोहि कामको आधारमा मुल्यांकन गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको र भएको कामको मुल्यांकनका आधारमा निर्माण व्यबसायीलाई रकम भुक्तानी गरी ठेक्का सम्झौताको अन्त्य गरेको छ। नियमामनुसार सम्झौता भन्दा न्युन कार्य गरेको अवस्थामा सुविधाको आधारमा सम्झौताको अन्त्य गर्ने र भुक्तानी दिने कार्य गर्न नमिल्ने देखिन्छ ।भने सम्झौताको अन्त्य गर्दा कार्य सम्पादन जमानत बापतको रकम जफत गर्ने र बाँकी काम गर्न लाग्ने रकम सरकारी बाँकी सरह अशुल गर्नुपर्ने भनेकोमा सो अनुसार गरेको पाईएन । कार्य सम्पादन जमानत वापतको रकम जफत गर्ने र बाँकि कामको रकम अशुल गर्नु नपर्ने स्पष्टकारण उल्लेख नभएकोले सम्बन्धीत कामका लागि भुक्तानी भएको रकम अनियमित देखिएको रु | |

| **काम** | **निर्माण व्यबसायी** | **ल. ई रकम** मुअ कर बाहेक | **समझौता रकम** मुअ कर समेत | **कामको परिमाण** | **भएको कामको परिमाण** | **का.स.** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|---|
| छराङ ढुकोट देखि | कृष्ण निर्माण तथा | ८५५०२९०।३१ | ३१९०९७९ | २१५०मि. | १०००मि. | ३३३६५१० | १५९७३६१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>तोराङ बाटो निर्माण वडा नः २,३र५</td><td>ढुवानी सेवा ठुलो भेरि ६ डोल्पा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>च्यमाभिर बाटो निर्माण वडा नः२</td><td>कृष्ण निर्माण सेवा ,,</td><td>९४०९१०४</td><td>२९७९१०४</td><td>१३५०मि.</td><td>४८०मि.</td><td>२८०९५६०</td><td>१३१९२६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>खरिद कारवाही अभिलेखः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। | |
| ५७ | | | **भुक्तानीमा कर** –<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी गरेको छैन । तसर्थ उक्त कर रकमअसुल हुनुपर्ने रु. | ११,०४३ |

| गो.भौ.नः मिति | काम | भुक्तानी पार्टी | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|
| ४।०७८।६।१ | मेशिनरी औजार रेफ्रिजेरेटर खरिद | BTC प्रालि कुपन्डोल ललितपुर | ३३९५०० | ४५०७ |
| ५५।०७८।१०।७ | कम्प्युटर खरिद | Nep.Tech Trade Concern बागबजार काठमाडौं | २५५००० | ३३८५ |
| | मोवाइल खरिद | GADGETS काठमाडौं | ६९००० | ९१६ |
| ७१।०७८।११।१३ | फर्निचर खरिद | रजिता काष्ठ उद्योग | १६८३७० | २२३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>त्रिपुरासुन्दरी डोल्पा</td><td></td><td></td></tr><tr><td colspan="4">जम्मा</td><td>११०४३</td></tr></table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>विलभर्पाई नभएकोः<br><br>आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले मेशिनरी औजार खरिद कार्य वापत स्वा.संयो. बुद्धि ब. धरालालाई रु ३९६०००।०० भुक्तानी गरेकोमा रेफ्रिजेरेटर खरिद गरेको रु.३३९५००को मात्र बिल पेश भएको हुदा वाकि रु ५६५०० को विल भर्पाइ पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु</td><td>५६,५००</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>विमाः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाख भन्दा बढीका योजनामा बीमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका कुनै पनि योजनाको वीमा गरेको छैन । प्राविधिकले लागत अनुमान तयार गर्दा नै वीमाको आइटम राखेको पाइएन । तसर्थ कार्यालयले हरेक योजनाको लागत अनुमान तयार गर्दा विमा गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सोझै खरिदः<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २५ लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु. ३१ लाख २२ हजार ९०२ को सोझै खरिद गरेको नियमसम्मत देखिएको छैन ।<br>• शसर्त पूँजीगतको ७।२०७८।७।१५ बाट नेपालगन्ज देखि जुफाल एयरपोर्ट सम्म हवाईजहाजमा ढुवानी कार्य गर्दा Dolpa Air Cargo Service(३०१८१७५४७) सगँ विल नं १०५ बाट १३ लाख ४१ हजार ७१६ र विल नं १०५ बाट रु ९ लाख ५० हजार ८२७ गरी रु २२ लाख ९२ हजार ५४३ को सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ सोझै खरिद गरेको छ ।<br>• शसर्त पूँजीगतको ९।२०७८।११।४ बाट नवीकरणीय उर्जा प्रविधि जडान वापत कर्णाली इनर्जी एण्ड स्टेशनरी (३०३४७०९९५) बाट रु ८ लाख ३० हजार ३५९ को बस्तु सोझै खरिद गरेको छ । | |
| ६१ | | | **योजना हस्तान्तरणः**<br><br>सार्वजनीक खरिद नियमावली २०६४ को नियम ९७ (१२)मा उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनीक निकायले सो को रेखदेख मर्मत सम्हार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाइ नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ ।पालिका अन्तर्गत उपभोक्ता समिति मार्फत भएका कामको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको पाइएन । नियममा भएको व्यबस्थाको पालना गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ । त्यस्तै पालिकाको आ.ब. ०७८।०७९ को ठेक्का नः १ अन्तर्गत ढुकोट खानेपानी योजनाको निर्माण कार्य बोलपत्र मार्फत गरेकोमा निर्माण व्यबसायी किरण निर्माण सेवा काईके संग सम्झौता गर्दा खानेपानी संरचना निर्माण पश्चात उक्त कार्य गाँउ पालिकालाई हस्तान्तरण गर्नुपर्ने उल्लेख भएकोमा हालसम्म हस्तान्तरण भएको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ६३ | | | **सामाजिक सुरक्षाः**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण नगरी हातहातै ३ वटै चौमासिकमा रु.८६४०९२१ रकम वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>
बेरुजू लगत तथा सम्परीक्षणः<br><br>
अद्यावधिक वेरुजु -<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फस्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।<br>
यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>४९७२४</td><td>८३७९</td><td>४१३४५</td></tr>
</table>
यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th rowspan="2">सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
<tr><td>१</td><td>२०७७।७८</td><td>४३</td><td>आवश्यक प्रमाण कागजात पेश भई</td><td>०</td><td>५४५४४२७</td><td>०</td><td>०</td><td>५४५४४२७</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आएको | | | | | |
| २ | २०७७।७८ | ४८ | टकमार गुम्वा घेरावार पेश्की फस्यौंट | ० | ० | ० | २००००० | २००००० |
| ३ | २०७७।७८ | ४८ | च्याकाङ घोरेटो बाटो पेश्की फस्यौंट | ० | ० | ० | १३००००० | १३००००० |
| ४ | २०७७।७८ | ४८ | छिरिङ्ग वुढा पेश्की फस्यौंट | ० | ० | ० | १०००००० | १०००००० |
| ५ | २०७७।७८ | ४८ | छिमि स्याङमा सिचाई उ स पेश्की फस्यौंट | ० | ० | ० | २००००० | २००००० |
| ६ | २०७४।७५ | ५२ | सेनाङ गुरुङ्ग वढी भुक्तानी असुल | २३००० | ० | ० | ० | २३००० |
| ७ | २०७५।७६ | ३७ | सेनाङ | ७९९९० | ० | ० | ० | ७९९९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गुरुङ्ग वढी भुक्तानी असुल | | | | | |
| ८ | २०७५।७६ | ३७ | छिरिङ्ग दिहिक गुरुङ्गको वढी भुक्तानी असुल | ३७५०० | ० | ० | ० | ३७५०० |
| ९ | २०७५।७६ | ३७ | ढुक्टा गुरुङ्गको वढी भुक्तानी असुल | १४१०० | ० | ० | ० | १४१०० |
| १० | २०७५।७६ | ३७ | सोनाम साङमो गुरुङ्गको वढी भुक्तानी असुल | १४१०० | ० | ० | ० | १४१०० |
| ११ | २०७५।७६ | ३७ | क्याम्जो गुरुङ्गको वढी भुक्तानी असुल | १४१०० | ० | ० | ० | १४१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | २०७५।७६ | ३७ | तेन्जेन तेण्डुप गुरुङ्गको वढी भुक्तानी असुल | १४१०० | ० | ० | ० | १४१०० |
| १३ | २०७५।७६ | ३७ | छवाङ गुरुङ्गको वढी भुक्तानी असुल | १४१०० | ० | ० | ० | १४१०० |
| १४ | २०७५।७६ | ३७ | दावा लामा गुरुङ्गको वढी भुक्तानी असुल | १४१०० | ० | ० | ० | १४१०० |
| जम्मा | | | | २२५०९० | ५४५४४२७ | ० | २७००००० | ८३७९५१७ |